आर्थिक
# अभियान

बुधवार, ९ पुस २०८२ | Wednesday, 24 December 2025

पर्यटन तथा जनस्तरको आवागमनलाई सहज बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याउने बताएको छ। चेम्बरका अनुसार सर्वसाधारण रूपमा प्रचलित यी दरका नोट उपलब्ध हुँदा विशेषगरी सीमा क्षेत्र तथा प्रमुख व्यापारिक केन्द्रहरूमा वित्तीय कारोबार सहज हुने अपेक्षा गरिएको छ।

निर्णयलाई स्वागत गर्दै निक्कीका अध्यक्ष सुनील केसीले यस कदमले द्विपक्षीय पर्यटन सुदृढ गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताए। '२०० र ५०० रुपैयाँ दरका भारतीय नोट प्रयोग गर्न

## सिभिल इन्जिनि... कागती ख...

दाङ। घोराही उपमहानगरपालिका-१६ तेरैटेका प्रतीकराज लोहनीले प्रांगारिक विधिमा आधारित भएर व्यावसायिक रूपमा कागतीखेती गरेर नमूना किसानको परिचय बनाएका छन्। रासायनिक विषादी प्रयोग नगरी खेतीमा लागेका सिभिल इन्जिनियर उनले यसमा एक करोड लगानी गरिसकेका छन्। चार बिघा १० कट्ठाबाट खेती शुरू गरेका ४१ वर्षीय लोहनीले यसलाई ६ बिघा विस्तार गरे।

उद्यमी लोहनीले सञ्चालन गरेको बगैंचामा 'सुन कागती-१' जातका करीब दुई हजारभन्दा बढी बिरुवा रोपिएका छन्। उनले भने, 'सुन कागतीको बिरुवाले सामान्यतया रोपेको तीन वर्षदेखि उत्पादन दिने गर्दछ। हाल कागती जिल्लाको

# गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेडको २४औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०९/०९**

**शेयरधनी महानुभावहरू,**

मिति २०८२/०९/०८ गते अपरान्ह ४:०० बजे बसेको संचालक समितिको २८५ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको चौबीसौं वार्षिक साधारण सभा निम्न विषयहरू उपर छलफल गर्न निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०८२/०९/३० गते बुधबार (तदनुसार १४ जनवरी २०२६)

समय : बिहान ११:०० बजे

स्थान : गुहेश्वरी भवन, पुल्चोक, ललितपुर

## साधारण सभामा पेश हुने छलफलका विषयहरु

**(क) सामान्य प्रस्तावहरू :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन छलफल गरि पारित गर्ने।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू छलफल गरि पारित गर्ने।
३. लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०८२/०८३ को लागि लेखा परिक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने।
४. संस्थापक शेयरधनी तथा सर्वसाधारण शेयरधनीको तर्फबाट नियुक्त संचालकहरूको नियुक्ती अनुमोदन गर्ने।

**(ख) विशेष प्रस्तावहरू:**

१. यस वित्तीय संस्था तथा अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा मर्जर (गाभ्ने/गाभिने) गर्ने/गराउने, उपयुक्त वित्तीय संस्थाहरू प्राप्ती गर्ने वा गाभिने सम्बन्धमा प्रचलित ऐन, कानुन, नीति,नियम तथा निर्देशन अनुसार गर्नु पर्ने सम्पूर्ण कार्य गर्न गराउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने।

**(ग) विविध**

संचालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. सभा हुने दिन सभामा उपस्थितिका लागि प्रधान कार्यालयमा हाजिर पुस्तिका बिहान ९:०० बजे देखि खुल्ला रहने छ। सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरूले वार्षिक पुस्तिकामा समावेश भएको प्रवेश पत्र वा हितग्राही खाता (D-MAT Account) नम्बर वा BOID Statement वा कुनै एक सक्कल शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध गरिन्छ।
२. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्ति गर्न चाहने शेयरधनीहरूले प्रतिनिधि पत्र (प्रोक्सी फारामहरू) २०८२/०९/२८ सम्ममा कार्यालय समय भित्र यस वित्तीय संस्थाको प्रधान कार्यालय पुल्चोक, ललितपुरमा उपस्थित भई दर्ता गरी सक्नु पर्नेछ। प्रतिनिधि नियुक्ति गरिएको व्यक्ति यस वित्तीय संस्थाको शेयरधनी हुनु अनिवार्य छ।
३. साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयर दाखिला खारेज (Book Close) मिति २०८२/०९/२० गते बन्द रहने छ। साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति को अघिल्लो दिन सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट कारोबार भई नियमानुसार नामसारी भई कायम भएका शेयरधनीहरूले मात्र सो सभामा भाग लिन र मतदान गर्न पाउने छन्।
४. साधारण सभामा सम्बन्धित वार्षिक आर्थिक बिबरण, संचालक समितिको प्रतिबेदन, लेखापरीक्षकको प्रतिबेदन शेयरधनीहरूले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको रजिष्टर्ड कार्यालय पुल्चोक, ललितपुरबाट उपलब्ध गराउन सकिने ब्यहोरा जानकारी गराइन्छ। उल्लेखित बिबरण संस्थाको वेभसाइट ठेगाना www.gmbf.com.np मार्फत हेर्न सक्नु हुनेछ।

*नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको 'ग' वर्गको वित्तीय संस्था*

**गुहेश्वरी मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि.**

प्रधान कार्यालय: गुहेश्वरी भवन, हरिहरभवन, पुल्चोक, ललितपुर

फोन: ०१-५४५०४०६, ५४३७४०७, E-mail: gmbf@gmbf.com.np/web: www.gmbf.com.np